संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

## प्रेस विज्ञप्ति - २०६४ चैत २९

---

### आर्बरद्वारा नेपालमा भएको संविधानसभा निर्वाचनको स्वागत

जेनेभा- संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले बिहीबार भएको संविधानसभा निर्वाचनलाई देशको ऐतिहासिक सङ्क्रमणमा अत्यन्त महत्त्वपूर्ण प्रगति भएको र यसले देशका नागरिकको मानवअधिकारमाथि अत्यन्त सकारात्मक दीर्घकालीन प्रभाव पार्ने उल्लेख गर्दै नेपालका जनतालाई बधाई दिनुभएको छ।

"नयाँ संविधानको मस्यौदा गर्ने जिम्मेवारी लिने संविधानसभाका लागि भएको निर्वाचन ऐतिहासिक रूपमा सीमान्तकृत समुदायलगायत सबै जनताको अधिकारको सम्मान हुने नेपालको नयाँ भविष्यतर्फको एउटा ठूलो फड्को हो", आर्बरले भन्नुभयो। उच्चायुक्तले निर्वाचनमा महिलाको ठूलो तथा उत्साहप्रद सहभागिता भएको भन्ने कुराको विशेषगरी स्वागत गर्नुभयो।

"कठिन परिस्थितिका बाबजुद अधिकांशतः शान्तिपूर्ण चुनाव प्रक्रिया सम्पन्न गर्नमा अहिलेसम्म पाएको सफलताका लागि म राज्याधिकारीहरूलाई बधाई दिन्छु। निर्वाचकहरूको जस्तोसुकै निर्णय आए पनि त्यसलाई नेपालका सबै राजनीतिक दलहरूले स्वीकार गर्नेछन् भन्ने म विश्वास गर्दछु।"

उच्चायुक्तले निर्वाचनपूर्व र निर्वाचनका दिन पनि केहीको मृत्यु हुने गरी भएका कतिपय गम्भीर घटनाबाट आफू अत्यन्त दुःखी भएको कुरा बताउनुभयो। उहाँले सम्बन्धित परिवारहरूप्रति समवेदना व्यक्त गर्नुका साथै सुरक्षाफौज मुछिएको मृत्युको परिस्थितिबारे अनुसन्धान गर्नका लागि शीघ्र स्वतन्त्र जाँचबुझ स्थापना गर्न सरकारलाई प्रोत्साहन गर्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org